आज मिति २०८०/१०/१५ गते सोमबार बिहान ८:०० बजे श्री उच्च सरकारी वकील कार्यालय पोखराका सह-न्यायाधिवक्ता श्री यदुनाथ शर्माज्यूको संयोजकतत्वमा उच्च सरकारी वकील कार्यालय पोखराको समन्वय समितिको बैठक देहायबमोजिमको उपस्थितिमा बसी निम्न बमोजिम निर्णय गरियो :-

उपस्थिति

| क्र.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १. | संयोजक, श्री यदुनाथ शर्मा | सह-न्यायाधिवक्ता | |
| २. | सदस्य, श्री बासुदेव घिमिरे | प्रमुख जिल्ला अधिकारी | |
| ३. | सदस्य, श्री विकास राज खनाल | प्रहरी नायव महानिरीक्षक | |
| ४. | सदस्य-सचिव, श्री राम प्रसाद अधिकारी | उपन्यायाधिवक्ता | |

आमन्त्रित सदस्य

| क्र.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री अच्युत कुँइकेल | रजिष्ट्रार | |
| २. | श्री धर्मराज पौडेल | उपन्यायाधिवक्ता | |
| ३. | श्री गोपालप्रसाद ढकाल | जिल्ला न्यायाधिवक्ता | |
| ४. | श्री रुद्र प्रसाद अर्याल | स्रेस्तेदार | |
| ५. | श्री मोहन कुमार थापा | प्रहरी उपरीक्षक | |
| ६. | श्री रामचन्द्र अधिकारी | प्रमुख मालपोत अधिकृत | |
| ७. | श्री नर बहादुर चन्द | प्रमुख नापी अधिकृत | |
| ८. | श्री पूर्णेश्वर सुवेदी | डिभिजनल वन अधिकृत | |
| ९. | डा. मदन बराल | सह-प्राध्यापक | |
| १०. | श्री राम कुँवर | रेन्जर | |
| ११. | श्री महेन्द्र प्रसाद अधिकारी | सहायक जिल्ला न्यायाधिक्ता | |
| १२. | श्री प्रेम प्रसाद ढुङ्गाना | नायव सुब्बा | |
| १३. | श्री रमाकान्त काफ्ले | नायब सुब्बा | |
| १४. | श्री चुडामणी वाँनिया | स.ले.पा. | |

छलफलका बिषयहरु :

१. अपराध, अनुसन्धान तथा अभियोजन प्रभावकारी गराउने सम्बन्धमा

२. सरकारी साक्षीलाई कानूनी परामर्श सम्बन्धमा।

३. न्यायिक कामकारवाहीमा जनआस्था अभिबृद्दि गर्ने सम्बन्धमा।

४. अन्तरिम आदेश छलफलमा उपस्थिति सम्बन्धमा

५. लिखित जवाफ सम्बन्धमा

६. मुद्दा व्यवस्थापन सम्बन्धमा

निर्णयहरु :

१. कतिपय फौजदारी मुद्दामा अनुसन्धान कमजोर हुँदा, अभियोजन पनि कमजोर हुने गरेको र मुद्दा असफल हुने देखिएकाले अपराधको सूचना प्राप्त भएका समयबाटनै अनुसन्धानलाई बैज्ञानिक एवं प्रमाण मुखी बनाउन प्राप्त विज्ञ जनशक्ति तथा उपकरणहरूलाई प्रयोग गरी अपराध अनुसन्धान र अभियोजनलाई अझ परिस्कृत बनाउने।

२. अपराधको सूचना दिने जाहेरवाला, पीडित तथा अन्य सरकारी साक्षीहरूलाई अदालतमा बकपत्र हुनु अगाडी आवश्यक परामर्श गर्ने, मुद्दाको प्रकृयाका बारेमा जानकारी गराउने कार्यलाई सम्बन्धित सरकारी वकीलले महत्वपूर्ण कार्यका रूपमा लिइ सो अनुसार साक्षी बकपत्रलाइ थप प्रभावकारी बनाउने ।

३. कानूनी प्रकृया एवं निर्णय उपर चित्त नबुझेका पीडित तथा जाहेरवालाहरूले सार्वजनिक रूपमानै असन्तुष्टि पोख्ने, कार्यालय तथा अदालतका काम कारवाहीहरूको गलत सूचना जाने गरी सन्देश प्रवाह गरेको यदा कदा देखिन थालेकोले त्यस्ता पीडित तथा जाहेरवालाहरूलाई मुद्दाको विधि प्रकृया तथा सम्बन्धित कार्यालयबाट भएका काम कारवाहीका बारेमा जानकारी गराउन व्यवस्था गरिएको छुट्टै डेक्स प्रभावकारिता वृद्धि गर्ने।

४. फौजदारी मुद्दामा पीडित तथा घटना वारदातका प्रत्यक्षदर्शी मानिसहरु मुख्य गवाह हुने र निजहरूको भनाइमा मुद्दाको सफलता निर्भर हुने हुँदा त्यस्ता साक्षीलाई अदालतले तोकेको म्यादमा उपस्थित गराउनु अनुसन्धान गर्ने प्रहरी कार्यालयको दायित्त्व भएकोले त्यस्ता साक्षीहरुको E-mail, फोन नं, बैकल्पिक मोबाईल नं. समेत अनुसन्धान गर्दा नै प्रष्ट खुलाउने व्यवस्था मिलाउने।

५. नबुझी नुहुने खालका सरकारी साक्षीहरू विदेश जाने भएमा सोही व्यहोरा लेखाई निवेदन लिई अदालतमा अभियोगपत्र पेश भएपछि बकपत्रको लागि उपस्थित गराउने कार्यमा प्रहरी कार्यालयका तर्फबाट सरकारी वकील कार्यालयलाइ सहयोग गर्ने र सो कार्यको प्रवन्ध सरकारी वकील कार्यालयबाट मिलाउने ।

६. सरकारी पक्षको साक्षी गवाहलाई तोकिएको दिनमा उपस्थित गराउन नसकेको अवस्थामा उपस्थित गराउन नसक्नाको कारण खोली कसूरको अनुसन्धान सम्बन्धी नियमावली, २०७५ को अनुसुची १९ बमोजिमको निदिष्ट ढाँचामा मुचुल्का तयार गरी सम्बन्धित सरकारी वकील कार्यालयमा पेश गर्ने कानूनी व्यवस्थालाइ प्रभावकारी रूपमा लागु गर्ने ।

७. उच्च अदालत पोखरामा पेश भएका नेपाल सरकार विरूद्ध परेका रिट निवेदनहरू मध्य अन्तरिम आदेशको माग भएका त्यस्ता रिटनिवेदनहरूमा छलफलका लागी अदालतमा बोलाएका मिति भन्दा अगाडीनै सम्भव भए सम्म लिखित जवाफ पेश गर्ने र सो संग सम्बन्धित प्रमाण कागजातहरू सरकारी वकील कार्यालयमा पठाउने र लिखित जवाफ पठाउन सम्भव नभएमा सम्बन्धीत कार्यालयका विषय संग जानकारी राख्ने अधिकृत कर्मचारीले उक्त विवादीत विषयको बारेमा जानकारी गराउनको लागि सरकारी वकीलसँगै अदालतमा उपस्थित हुने व्यवस्था मिलाउने ।

८. विपक्षी बनाइएका कतिपय कार्यालयबाट समयमानै लिखित जवाफ पेश हुन नआएको र कतिपयमा लिखित जवाफनै प्राप्त नभएको देखिएको हुँदा वहस पैरवीमा उपस्थित हुन कठिनाइ हुने गरेको छ । कुनै कुनै विवादहरूमा लिखित जवाफ नपठाएका कारण रिट जारी हुने तथा अदालतले सम्बन्धित कार्यालयका काम कारवाहीमा न्यायिक टिप्पणी समेत गर्न सक्ने अवस्थालाई मध्यनजर राखी विवादीत विषयमा अनिवार्य रूपमा लिखित जवाफ पेश गर्ने गराउने व्यवस्था गर्ने ।

९. लिखित जवाफ सहित मिसिल पठाउदा त्यस्तो लिखित जवाफ, एक प्रतिमात्र पठाउने, निर्धारीत ढाँचामा नपठाउने, सम्बन्धित प्रमाण समावेश नगर्ने जस्ता गतिविधिहरू नगर्ने नगराउने ।

१०. अदालतबाट मुद्दाको पेशी तोक्दा कुनै दिनमा अधिक मुद्दा पेशीमा चढ्ने गरेको हुँदा सरकारी वकीलको तर्फबाट मुद्दामा उचित प्रतिनिधित्व हुन नसक्ने भएकाले सुनुवाइ सम्पन्न हुन सक्ने संख्यामा पेशी व्यावस्थापनका लागी उच्च अदालत पोखरा समक्ष अनुरोध गर्ने ।

आज मिति २०८१/०३/१६ गते दिनको ५:१५ बजे उच्च सरकारी वकील कार्यालय पोखराका सह-न्यायाधिवक्ता श्री यदुनाथ शर्माज्यूको अध्यक्षतामा बसेको समन्वय समितिको बैठकको उपस्थिति, छलफलका विषय तथा निर्णयहरु तपसिल बमोजिम रहेका छन्।

उपस्थितिः

समन्वय समितिका पदिधिकारीहरुः

| क्र.सं. | नाम थर | पद | कार्यालय | सदस्य | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १. | श्री यदुनाथ शर्मा | सह-न्यायाधिवक्ता | उच्च सरकारी वकील कार्यालय पोखरा | संयोजक | |
| २. | श्री भरतमणी पाण्डे | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, कास्की | सदस्य | |
| ३. | श्री दुर्गा सिंह | प्रहरी नायव महानिरीक्षक | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | सदस्य | |
| ४. | श्री राम प्रसाद अधिकारी | उपन्यायाधिवक्ता | उच्च सरकारी वकील कार्यालय, पोखरा | सदस्य-सचिव | |

आमन्त्रित सदस्य

| क्र.सं. | नाम थर | पद | कार्यालय | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | श्री अच्युत कुँइकेल | रजिष्ट्रार | उच्च अदालत, पोखरा | |
| २. | श्री गोपाल प्रसाद ढकाल | जिल्ला न्यायाधिवक्ता | जिल्ला सरकारी वकील कार्यालय, कास्की | |
| ३. | श्री रुद्र प्रसाद अर्याल | स्रेस्तेदार | कास्की जिल्ला अदालत, पोखरा | |
| ४. | श्री बसन्त कुमार शर्मा | प्रहरी नायव उपरीक्षक | जिल्ला प्रहरी कार्यालय, कास्की | |
| ५. | श्री राजेन्द्र श्रेष्ठ | प्रहरी नायव उपरीक्षक | वडा प्रहरी कार्यालय, वैदाम | |
| ६. | डा. मदन बराल | सह-प्राध्यापक | पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान | |
| ७. | श्री महेन्द्र प्रसाद अधिकारी | सहायक जिल्ला न्यायाधिक्ता | जिल्ला सरकारी वकील कार्यालय, कास्की | |

| | | | | |
|---|---|---|---|---|
| ८. | श्री महेश अर्याल | सहायक न्यायाधिवक्ता | उच्च सरकारी वकील कार्यालय, पोखरा | |
| ९. | श्री ईशा शर्मा | सहायक न्यायाधिवक्ता | उच्च सरकारी वकील कार्यालय, पोखरा | |
| १०. | श्री एकनारायण ढकाल | सहायक न्यायाधिवक्ता | उच्च सरकारी वकील कार्यालय, पोखरा | |
| ११. | श्री प्रेम प्रसाद ढुङ्गाना | नायव सुब्बा | जिल्ला सरकारी वकील कार्यालय, कास्की | |
| १२. | श्री रमाकान्त काफ्ले | नायव सुब्बा | उच्च सरकारी वकील कार्यालय, पोखरा | |
| १३. | श्री चुडामणी वाँनिया | स.ले.पा. | उच्च सरकारी वकील कार्यालय, पोखरा | |

**छलफलका बिषयहरु :**

१. अपराध, अनुसन्धान तथा अभियोजन प्रभावकारी गराउने सम्बन्धमा ।
२. लिखित जवाफ समयमा पठाउने सम्बन्धमा ।
३. अन्तरिम आदेश छलफलमा कार्यालयको प्रतिनिधित्व सम्बन्धमा
४. मुद्दा व्यवस्थापन तथा प्रमाण मिसिल पठाउने सम्बन्धमा

**निर्णयहरु :**

१. अनुसन्धानलाई बैज्ञानिक एवं प्रमाणमुखी बनाइ प्रभावकारी अभियोजनका लागी प्राप्त विज्ञ जनशक्ति प्रयोग गरी निजहरूलाइ सकेसम्म अन्य कामहरूमा नलगाउने तर्फ आआफनो कार्यालयले उचित पहल गर्ने ।

२. नेपाल सरकारबाट सजायमा छुटदिने मागदाबी सम्बन्धी निर्देशिका, २०८० जारी गरी लागु भएको र मुलुकी अपराध संहिता, २०७४ को दफा ४७ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३३ ले सजायमा छुट दिने सम्बन्धमा प्रष्ट कानूनी व्यावस्था गरेको सन्दर्भमा सो अनुसार सजाय छुट दिने तर्फ अनुसन्धान गर्ने तथा अभियोजन गर्ने निकायले विशेष पहल गर्ने ।

३. सहकारी ठगी जस्ता सर्वसाधारणको बचत संग जोडिएका मुद्दामा, अनुसन्धान तथा अभियोजन गर्दा पीडित सहित, सहकारीको वास्तविक क्षेति तथा त्यसमा संलग्न व्याक्तिहरूको पहिचान गर्ने तर्फ थप बैज्ञानिक तथा प्रभावकारी अनुसन्धान र अभियोजन एवं प्रमाण प्रस्तुतिमा सम्बन्धित कार्यालय तथा निकायले विशेष ध्यान दिने ।

४. पीडित तथा अभियुक्तको प्रमाण खुल्ने कागज तथा उमेर खुल्ने कागज अनुसन्धानका सामान्य तर अनिवार्य विषयवस्तु भएकाले त्यसलाइ अनिवार्य रूपमा मिसिलमा समावेश गर्ने ।

५. अदालतको आदेश अनुसार साक्षी उपस्थिति गराउन सकिने भए तोकिएको मितिमा साक्षीहरू उपस्थित गराइदिने र नसकिने भए सोही अनुसारको जवाफ समयमानै पठाइदिने तर्फ सरोकारवाला निकाय तथा कार्यालयले विशेष ध्यान दिने ।

६. संवैधानिक एवं कानूनी व्यावस्था अनुसार उच्च अदालत पोखरामा दायर भएका रिट निवेदनहरूमा विपक्षी वनाइएका निकायहरूबाट लिखित जवाफ पठाउदा विवादको विषयमा *कार्यालयका निर्णय, सरोकार, कानूनी व्यवस्था तथा सम्बद्द प्रमाणहरू स्पष्ट खुलाइ, वहस फाइल* तयार गरी पठाउने तर्फ जिम्मेवार हुन सम्बन्धित सबै निकायहरूलाइ अनुरोध गर्ने ।

७. नेपाल सरकार वा नेपाल सरकारका निकायहरूलाइ विपक्षी बनाइ उच्च अदालत पोखरामा दायर भएका रिट निवेदनहरूमा छलफलका लागी अदालतले सुचना गरेको मिति अगाडिनै विषय संग सम्बन्धित कागजातहरू सहित सो विषयमा कार्यालयमा रहेका मध्येका विज्ञ कर्मचारीलाइ उच्च सरकारी वकील कार्यालय, पोखरामा पठाइ विवादीत विषयका बारेमा सम्बन्धित सरकारी वकील संग छलफल तथा राय परामर्श गर्ने व्यवस्था मिलाउने ।

८. विपक्षी बनाइएका कतिपय कार्यालयबाट समयमानै लिखित जवाफ पेश हुन नआएको कारण रिट जारी हुने गरेको अवस्थालाइ मध्यनजर गरी विवादीत विषयमा अनिवार्य रूपमा समयमानै लिखित जवाफ पेश गर्ने व्यवस्था गर्ने गराउने ।

९. विगतमा भएका कतिपय मुद्दाहरूमा अनुसन्धान, अभियोजन तथा न्यायिक निर्णयका अभिलेखहरू व्यवस्थित भएको नपाइदा सर्वसाधारणले हैरानि व्हेहोर्नु परेको र कार्यालयले सो अनुसार जानकारी दिन तथा लिन नसकेको यथार्थलाइ मनन गरी अनुसन्धान, अभियोजन तथा न्यायिक निर्णय गर्ने निकाय विच एकिकृत अभिलेख व्यावस्थापनका लागी माथिल्ला निकायहरूमा अनुरोध गरी पठाउने ।

१०. मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को अनुसुचि १ मा पछि समावेश हुन आएका सम्पत्ति सुद्दिकरण, अनुचित लेनदेन जस्ता मुद्दाहरूमा अनुसन्धान तथा अभियोजन गर्ने निकायलाइ उचित प्रशिक्षणका लागी सम्बन्धित माथिल्ला निकायहरूमा अनुरोध गरी पठाउने।

११. सार्वजनिक सम्पत्तिको संरक्षणमा अदालत तथा अन्य न्यायिक, अर्धन्यायिक निकायको निर्देशन, आदेश तथा अनुरोधलाइ विशेष ध्यान पुर्याइ त्यस्तो सार्वजनिक सम्पत्तिको संरक्षणमा जिम्मेवार पुर्ण रही महत्वपूर्ण सहयोग उपलब्ध गराइदिन सम्बन्धित स्थानिय निकायहरूमा अनुरोध गरी पठाउने।

१२. विशेषतः सवारी ज्यान मुद्दामा क्षतिपुर्ति माग गर्दा सवारी तथा यातायात व्यावस्था ऐन २०४९ तथा सवारी तथा यातायात व्यावस्था नियमावली २०५४ ले निर्धारण गरेको क्षतिपुर्तिको मापदण्डलाई मध्यनजर गरी वास्तविक क्षतिको एकिन गरी सो अनुसार क्षतिपुर्ति माग गर्ने तर्फ सरोकारवाला अनुसन्धान तथा अभियोजन गर्ने निकायले थप ध्यान पुऱ्याउने।

१३. सरकारी वकीलको उचित प्रतिनिधित्व कायम हुन सक्ने संख्यामा पेशी व्यावस्थापनका लागी उच्च अदालत पोखरा समक्ष अनुरोध गर्ने ।

१४. समितिको अर्को वैठक आपसी समन्वयमा २०८१ साल श्रावण महिनाको अन्तिम हप्तामा वस्ने, आवश्यकता अनुसार सो भन्दा अगाडी पनि वस्न सक्ने निर्णय गरियो।

२०८१/०४/१५